प्रमुख प्रशासकीय अधिकृत

भगवतीमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पगनाथ,दैलेख कर्णाली प्रदेश,नेपाल

**प्रस्तावहरु :**

**प्रस्ताव नं. १ :** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका परियोजनाहरु प्राथमिकीकरण सम्वन्धमा ।

**प्रस्ताव नं. २ :** आ.व. २०७८/०७९ को लागि कृषि कार्यक्रम तथा योजना सिफारिस सम्वन्धमा ।

**प्रस्ताव नं. ३ :** मतदान केन्द्र पुनरावलोकन सम्वन्धमा ।

**प्रस्ताव नं. ४ :** सडक वोर्ड नेपाल र गाउँपालिकाको लागत सहभागितामा संचालन हुने योजना सम्वन्धमा

**प्रस्ताव नं. ५ :** नागरिक आरोग्य केन्द्र स्थापना सम्वन्धमा ।

**प्रस्ताव नं. ६ :** विविध

**निर्णय नं. १ :**

यस चालु आ.व. २०७७/०७८ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको लागि यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुवाट प्राप्त परियोजना प्रस्तावहरु शिक्षा, यूवा तथा खेलकूद शाखाबाट प्राथमिकीकरण गरी पेश भए अनुसार संशोधन सहित स्वीकृत गरी शिक्षा विकास तथा समन्वय इकाई, दैलेखमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. २ :**

यस गाउँपालिका अन्तर्गत प्रदेश सरकारबाट आ.व. २०७८/०७९ मा संचालन हुने कृषिसम्वन्धी योजना तथा कार्यक्रमहरु प्राथमिकीकरण गरी कृषि विकास कार्यालय, दैलेखमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

यस गाउँपालिका अन्तर्गतका मतदान केन्द्रहरु पुनरावलोकनको लागि वडा कार्यालयको सिफारिस बमोजिम देहायका मतदान केन्द्रहरु पुनरावलोकन गरी जिल्ला निर्वाचन कार्यालय, दैलेखमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

| क्र.सं. | साविकको मतदान केन्द्र | | हाल कायम गर्नुपर्ने मतदान केन्द्र | | कैफियत |
|---|---|---|---|---|---|
| | केन्द्र | वडा नं. | केन्द्र | वडा नं. | |
| १. | भगवती मा.वि. थुवाँ | ५ | ५ नं. वडा कार्यालय, कट्टी | ५ | |
| २. | साविक कट्टी गा.वि.स. भवन | ५ | लक्ष्मी प्रा.वि. पैयागाउँ | ६ | |

**निर्णय नं. ४ :**

यस गाउँपालिकाको लागि चालु आ.व. २०७७/०७८ मा सडक वोर्ड नेपालवाट प्राप्त हुने रकम र यस कार्यालयको लागत सहभागितामा वेस्तडा-कट्टी सडक मर्मत सुधार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

भगवतीमाई गाउँपालिका वडा नं. २ निवासी दिनेश शाहीले निजको छोरा वर्ष १० को शुशिल शाही बोनम्यारो रोगबाट ग्रसित भई उपचारत रहेको र पारिवारिक आर्थिक अवस्था नाजुक रहेकोले आर्थिक सहयोगको लागि निवेदन पेश गरेको हुँदा निजलाई रु. ४००००। आर्थिक सहयोग गर्ने र आ.व. २०७४/०७५ मा ध्याप घुम्ने वडा कार्यालय सडक निर्माण गर्ने क्रममा उपभोक्ता समितिका अध्यक्ष श्री अमरबहादुर सिंह भिडबाट लडी शक्त घाईते भएको र हाल टाउकाको समस्या देखिएकोले उपचार गर्न



Scanned with CamScanner

निर्णय प्रमाणित

बखतबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

जानको लागि आर्थिक सहयोगको लागि निवेदन पेश गरको हुँदा निजलाई उपचार वापत रु. १०००० आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

स्वास्थ्य सेवा कार्यालय, दैलेखको मिति २०७७/०९/०३ को पत्रानुसार यस गाउँपालिकाको लागि नागरिक आरोग्य केन्द स्वीकृत भएको हुँदा सो संचालनको लागि आवश्यक कार्यालय व्यवस्थापन र जनशक्ति छनौटको लागि प्रक्रिया अगाडी बढाउन गाउँ कार्यपालकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

यस भगवतीमाई गाउँपालिका वडा नं. ४ को वडा कार्यालय भवन निर्माणको लागि गत आ.व. २०७६/०७७ मा ठेक्कापट्टा भई सम्झौता भईसकेकामा ध्याप-घुम्ने-वडा कार्यालय जाने सडकको ग्रेड सुधार तथा अन्य अति आवश्यक निर्माण कार्य नगरेमा सवारी साधन आवतजावत गर्न नसक्ने भएकोले निर्माण सामग्री ढुवानी गर्न नसकिने हुँदा उक्त कार्य तत्काल गराउनु पर्ने भएको र बजेटको अन्य स्रोत नभएको हुँदा चालु आ.व.मा वडा कार्यालय भवन निर्माणको लागि विनियोजित रकम मध्ये रु. १०००००। खर्च गर्ने मिति २०७७/०९/१६ गते निर्णय भई कार्य सूचारु भएको सो रकमबाट कार्यसम्पन्न भई यातायात सूचारु हुने नदेखिएकोले थप रु. ६५०००० वडा कार्यालय भवन निर्माण शिर्षकबाट नै खर्च गर्ने र भवनको लागि अपुग हुने रकम सम्वन्धित वडा कार्यालय भवनको लागि नपुग हुने रकम पछि सम्वन्धित वडाकै अन्य कार्यक्रमबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।



Scanned with CamScanner